नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

पत्र संख्या :
चलानी नं. :

## वायु प्रदूषण सम्बन्धी वातावरण विभागको
## प्रेस विज्ञप्ति

मिति २०७७ चैत्र १३ गते देखि देशका विभिन्न भागका साथै काठमाडौं उपत्यकामा वायु प्रदूषणको स्तर अत्याधिक रुपमा बढेकोछ । यसबाट जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्दछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, दम खोकी जस्ता स्वासप्रस्वास सम्बन्धी बिरामी र मुटुका रोगीहरु बढी प्रभावित हुने भएकोले उहाँहरुलाई सकेसम्म घरबाहिर ननिस्कन र सबै उमेर समूहका नागरिकहरु पनि सम्भव भएसम्म घरबाहिर ननिस्कन साथै निस्कनै पर्ने अवस्थामा विशेष सावधानी अपनाउन, आगो बाल्दा समेत वायु प्रदूषण झनै बढ्ने भएकोले फोहर बाल्ने र खुला रुपमा आगो बाल्ने कार्य नगरिदिनुहुन, विद्युतीय सवारी साधन बाहेकका अन्य सवारी साधन कम प्रयोग गर्न वातावरण विभाग हार्दिक अपिल गर्दछ ।

वायु प्रदूषण मौसममा पनि भर पर्ने भएकोले मौसम यस्तै भइरहेमा केहि समयसम्म प्रदूषण यस्तै रहन वा अझै खराब समेत हुने सम्भावना रहेको हुनाले विशेष सावधानी अपनाउनुहुन र वायु प्रदूषणको अवस्थाको थप जानकारीका लागि www.pollution.gov.np हेर्नुहुन अनुरोध गरिन्छ ।

७७/१२/१५

.............................
इन्दु बिक्रम जोशी
उपमहानिर्देशक एवं
प्रवक्ता
वातावरण विभाग